# अमर भावना

"जनार्दन, कता हेरूँ
चारै तिर छ बादल
भए भर भए हाम्रा
बन्धु – बान्धव घायल
परमात्मा, रह्यौ टाढा
टाढा छन् आज अर्जुन
चक्रव्यूह अहो ! गर्ने
कसरी भन, भेदन

भीम, भीम जस्ता हेर्‍यो
त्यतै तिर छ बादल
अरु षड्यन्त्र रच्दैछन्
फन् कडा ग्रहका दल
कालो समरको छाया
दिन रात सताउँछ
रुँ रुँ हृदयमा लाग्छ
संसार शून्य लाग्दछ

बन्धु – बन्धुहरू सारा
रिपु – भाव लिदै गयौं
इर्ष्या डाह गरी सारा
प्रतिशोध लिने भयौं
भयौं अधमरा जस्ता
संग्रामबाट केवल
बन्धु–भाव नव ज्योति
फुल्किन्न किन उज्ज्वल

गयौं जङ्गलमा हामी
घर – बार विहीन भै
विदेशमा बस्यौं हामी
बनी दिग्दार दास झैं
गर्भको कष्ट झैं झेल्यौं
संकष्ट गुप्तवासको
झुल्किएको अझै छैन,
प्रभात अधिकारको

अति नै ठगियौं हामी
छक्कियौं पहिले पनि
युद्धमा शान्तिको सास
मिल्दैन अहिले पनि
द्रोणले बलियो किल्ला
बनाए रे ! अझै कडा
त्यसका शक्तिमा हाम्रा
वीर मर्छन् वडा वडा

दीन ब्राह्मणले पाए
चाहिंदो मान–गौरव
बिर्सिए पार्थलाई नै
थिए जो पहिला सब
भोलि नै पारुँला भन्दै
ध्वस्त पाण्डव वीरको
गरे रे ! उनले आजै
निर्माण चक्र–व्यूहको"

भयभीत भए धर्म
रातमा भय–घायल
भयो दुर्बल आत्मा झन
त्रासले अझ कायल
"कसरी उम्कुँला हामी
कालका मुखबाट त्यो
डराउँथ्यौं सबैं हामी
संझदा जुन दुःख त्यो

सुन्दैनन् वेदना हाम्रा
दूर छन् कृष्ण अर्जुन
किल्ला, कबूल रिपुको
सुन्दा दिक्किन्छ कन मन
संकष्ट कसरी टार्ने
के गर्ने भीम लौ भन
सुनेर बाघको शब्द
आत्तिन्छ मिर्गको मन"

यसरी आत्तिएका ती
पग्लिएका रुँ रुँ गरी
धर्मलाई उनी भन्छन्
"बस्नु हुन्न रुँ रुँ गरी
जो जो पर्छ त्यसै टर्छ
छ यो नश्वर जीवन
मरुंला देशका निम्ति
आत्मा पारेर पावन

ज्ञान अर्जुनको जस्तो
वीरता छैन तापनि
तर यो करको वाण
वर्षला छहरा बनी
किल्ला कठोर तोडौंला
फोडौंला चक्रव्यूहको
लञ्ला काल नै हाम्रो
देखेर बल बाहुको

"शक्ति सामर्थ्य अर्कै हो
युक्ति अर्कै कुरा छ है
वीर सेना सबैलाई
गज कायल पार्छ है
तर त्यो वशमा पर्छ
सानो अंकुशले पनि
त्यही नै धारणा:बाट
किल्ला ठोके गुनी गुनी

प्रवेशः मात्र मानिन्न
पूर्णता चक्रव्यूहमा
युक्ति, जुक्ति सगैं चल्दा
काम बन्दछ जोशमा
तम्तयार भएका छन्
हामीलाई ढलाउन
कसरी सकुँला हामी
हामीलाई उठाउँन"

काकाहरू कुरा त्यस्ता
त्यहाँ गर्दै थिए जब
मनको धारणा खोल्छन्
अभिमन्यु त्यहाँ सब
"सम्झेर रणमा हुन्न
रुँदै अर्जुनको मुख
भयले भय भाग्दैन
भागेर रणको दुःख

कस्तै कठोर होस् किल्ला
रचेको चक्रव्यूहको
धसिनेछ स्वयम्, पर्दा
प्रहार अभिमन्युको
वर्षामा जसरी ढल्छन्,
पहाड भल आउंदा
त्यसरी रिपु ढल्नेछन्,
तरवार नचाउँदा"

स्वतन्त्रता, सुरक्षा र
अधिकार र देशको
निम्तिमा सब नै बढ्नु
पर्छ सम्मुख व्यूहको
तपाईहरू त्यो पीर
छोडेर शान्त बन्नुहोस्
किल्ला ढलाउने पूर्ण
अभिभारा ममा दिनोस्

बाबुको वेदना देखन
सक्दैन पुत्र उज्ज्वल
छर्दछन् छवि तारा नै
रातमा पनि उज्ज्वल
त्यसमा पनि ती तारा
जयी अर्जुनका थिए
प्रगाढ बल खोलेर
उनी देखाउँदै गए

"सानो बालक मानेर
नमान्नोस् गर्छ के कुरो
सिंह–शावक तर्सिन्न
सिंह झैं हुन्छ त्यो शुरो
रवि बालक नै हुन्छ
फुल्कँदामा प्रभातको
जसको ज्योतिले हुन्छ
हार दुस्तर रातको

"अत्याचार अनाचार
कुनै सहन सक्दिन
चक्रव्यूह बनुन् जस्तै
परन्तु पर हट्दिन
"पहाड तुल्य छन् शत्रु,
कर्ण, द्रोण, महारथी"
नभन्नोस् "हुन्छ उत्साह
भङ्ग, हाम्रो भए जति"

"चट्टान पनि खस्किन्छ
खनी खोस्री सधैं गरे
बाघ नै पनि तर्सिन्छ
शर वर्षाहरू गरे
मलाई पनि थाहा छ
चक्रव्यूह ढलाउने
हेर्नुहोस् हातमा मेरा
धनु—काँण चलाउने

पानीको बुल्बुले बिन्दु-
तुल्य मानिन्छ जीवन
स्वतन्त्र सिन्धुमा जान
नतम्सौं अहिले किन
तोडेर आउँला किल्ला
विजयी, विजयी बनी
अथवा बनुँला यात्री
स्वर्गको शुक्र झैं बनी"

छचल्क्यो छाल झैं स्वच्छ
नतिभ्ने ज्योति निर्मल
सिन्धुकै दिलमा हुन्छ
उज्यालो बडबानल
स्वतन्त्र बन सेनानी,
सेनानीहरूका पनि
निर्भीक वीरको हुन्न
वीरले देश निर्धनी

आमाको पदमा पर्छन्
पूर्ण उत्साह साथ ती
गर्दै चुम्बन आमाले
छर्दछिन् स्निग्ध दृष्टि ती
अहो ! जीवनका ज्योति
हराएका थियौं कहाँ
हराएकी थिएँ आफैं
वेदनाले कहाँ कहाँ"

"आएको घरमा आमा?
आराम लिन हैन म
विजयी दूधका धारा
पाऊँ अमृत तुल्य म
नयाँ सञ्जीवनी पाऊँ
बल वीर्य बढाउँने
प्रेरणा सर्वदा पाऊँ
रिपुलाई लडाउँने

गरिन् चुम्बन आमाले
कपाल सुम्सुम्याउँदै
पोखिन् मङ्गलका भाका
अश्रुधारा बगाउँदै
"कुलका कीर्तिमा वत्स !
अरू कीर्ति चुल्याउँ ल
अन्त्यमा सम्म त्यो वेग
वीरताको बढाउँ ल

डरले थर्थराएर
नछोड रणको स्थल
नठानुन् कहिल्यै वैरी
अभिमन्यु छ निर्बल
जाऊ अभय भै पुत्र
कोख मेरो उज्यालियो
वीरकी जननी बन्ने
वत्स ! सौभाग्य पाइयो"

मातको ममता माया
मिल्छ मङ्गल कामना
उत्साह दुगुना हुन्छ,
हुँदा उज्ज्वल भावना
निस्कन्छन् धनु राखेर
काँधमा जब सत्वर
रोकिन्छन् किन हो कुन्नि
पथमा पद सुन्दर

फ्फुल्को दिलमा लाग्छ
उत्तराको निरन्तर
लखंराई उनी चल्छन्
त्यस बेला त्यतै तिर
प्रेमी प्रियतमालाई
छुट्दिा भुल्न सक्छ र ?
बिना खवर दिसेंर
दगुर्न कुन सक्छ र ?

परस्पर थियो माग
भेटको दिलदारको
त्यही नै स्नेहको डोब
दिलदार उदारको
धारणा मनमा जम्छ
प्राप्तिको शुभ–भावना
रहदैन कुनै बेला
आत्मामा तुच्छ वासना

स्नेहकै स्निग्ध धाराले
पु-यायो उत्तरा तिर
आँखामा ज्योतिका साथै
आँसुको बन्छ सागर
वियोगी गहले खोज्छन्
भावना कै मुहारमा
कुन भावहरू खेल्छन्
वीरका युद्ध कालमा

अनौठा दीप्ति देखिन्छ
प्रियको मुखमा छवि
छाया बादलको लाग्दा
जस्तै देखिन्छ त्यो रवि
मिठो स्वागत गर्छिन् ती
प्रियको प्राण वल्लभा
फुल्छिन् कमल झैं रास्री
उत्तरा प्रिय पाउँदा

"अभिलाषी थिएँ धेरै
प्रिय दर्शन पाउँन
लामो समय त्यो लाग्यो
प्रतिक्षामा बिताउँन
झुल्क्यो सौभाग्यको चन्द्र
विरहानल मेटियो
रुँ रुँ लाग्ने सधैं जस्तो
खुल्दुली पनि मेटियो

तर छाँट भने अकैं,
अकैं छवि म पाउँछु
विचार धारणा अकैं,
अकैं देख्दा डराउँछु"
चाँदनी चन्द्रमा तर्फ
लाग्दछिन् रसिली बनी
मुस्कान मुखमा छर्दै
फूल फैं हसिली बनी

परन्तु मन्द मुस्कान
नित्य नित्य रहन्न त्यो
घाम छाया छटा जस्तै
देखिन्छ सुख दुःख त्यो
के भनौं के भनौं लाग्छ,
बस्ने समय छैन है
हुन्न कर्तव्य बिर्सेर
वासना तिर भुल्न है"

पहिलेका व्यथा हुन्छन्
अहिलेका कथाहरू
तीनै कथाहरू बन्छन्
अहिलेका व्यथाहरू
"नसुने नगुने जस्तै
प्रश्न तो किन गर्दछयौ?
रोएर मुटु छामेर
किन खोतल्न खोज्दछयौ?

अरू के छर हे मेरी
विषाद मुटुमा अब
धराको मुटुमा जे छ
विषाद त्यही नै सब
देखिन्छ घन फैं कालो
रण–केतु मडारिदा
प्रिये ! नमान आश्चर्य
अहिले म हतारिदा

अरू के छ र हे मेरी
समस्या आज विश्वको
तीरको तारमा अड्छ
अहो ! जीवन युद्धको
बाजी जीवनको हाम्रो,
समस्या भन जे भन
फर्कनेछ छिटै तिम्रो
मुटु यो मुटुको धन

हजारौं देखिएका छन्
बनी हायल घायल
लाखौं मूर्छा परेका छन्
देखेर युद्ध बादल
असहाय भएका छन्
लाखौं बालक बालिका
कति दीन बनेकाछन्,
दीनका दीप मालिका

संदेश ल्याउनू फेरि
दिनु पर्छ तुरुन्त नै
दौड धूप सधै पर्ने
गर्न हावा समान भै
उद्धार लाखको गर्दै
धैर्यको धारणा दिदैं
दौडदा दौडदै जान्छ
दिन–रात मडारिदै

दिन रात सधैं जस्तो
जुट्नु पर्दछ काममा
प्रिये ! विश्रान्तिको बेला
कहाँ मिल्छ र ? युद्धमा
अहो ! केवल यो हाम्रो
वन्धुको युद्ध होइन
सल्किएको छ राँको फै
विश्वमा सूक्ष्म होइन

व्यापार-प्रगति सारा
ज्ञान–विज्ञान अस्त छ
धूम्र केतु अहो ! कालो
सधैं खस्छ कि खस्छ छ
चिन्ता भय र सन्ताप,
प्रत्येक घरमा घुम्यो
अशान्ति, विषको हावा
हरेक देशमा पुग्यो

बराबर प्रिये ! मेरी
मौका पाउँछ को कहाँ
आएँ म अहिले मेरी
प्रेरणा लिन हे, यहाँ
भोलिको युद्धको प्यारी
अभिभारा लिएर म
विदा लिन भनी आएँ
बनी नायक आज म

छायाको निम्तिमा शून्य
यहाँ आकाश मात्र छ
खानको निम्तिमा आफ्नै
आँखामा आँसु मात्र छ
बस्त्रको निम्तिमा खालि
चिथरा बस्त्र मात्र छ
शान्तिको ठाउँमा मेरी!
अशान्ति कति त्रास छ"

प्रियको भावना सुन्दा
बोल्दछिन् चारू उत्तरा
रुँ रुँ लाग्ने 'विदा' शब्द
सुन्दा रुन्छिन् कठै वरा !
"कहाँ पहाड जस्तो त्यो
रिपुको घन बादल
कहाँ शिरिषको फूल
जस्तो यो तन कोमल

सुकुमार ! अहो ! हात
तरवार समाउला ?
रिपु बादलका घेरा
दूर दूर हटाउला ?
कहाँ त्रिशूल तीखो त्यो
कहाँ शिरीषको फूल
'विदा' शब्द गड्यो तीक्ष्ण
तीक्ष्ण बन्दै कडा शूल"

"शिरीष कमलो हुन्छ
तर पानी अपार छ
त्रिशूललाई नै रोक्ने
त्यसमा तेज-धार छ
अरू फूल सबै सुक्छन्
जेठको घाम चर्किदा
शिरीष तर फैलिन्छ
जेठको ताप बर्षिदा

प्रिये ! केवल मायाले
नरोक पाइला तल
हेर्दछन् मार्ग मेरो नै
दीन मानवका दल
कलिला कलिला राम,
द्वारा रावण मारियो
कलिला कलिला कृष्ण
द्वारा कंश पछारियो"

"वीर पत्नी भनाएर
बस्न लाग्दछ गौरव
तर लक्षण पाएर
उल्टा, रोएकी हुँ सब
त्यसकारण हे मेरा !
रोकियूँ कि कुनै दिन
मन मान्दैन रोएको
तिमीलाई विदा दिन"

आँसुले युद्धको बेला
लञ्जिन्न उनको पद
वीर उत्साह छोड्दैनन्
रोकिन्नन् वीरका पद

"उल्टा शकुन संकेर
भय मानी रहन्न म
साधारण प्रजा हैन
नेतृत्व लिन्छु आज म
निर्दोषी देशमा आज
रुँदैछन्, दिविक्कइकन
दोषी हाँसिरहेका छन्
हेर ती छिल्लिइकन

अन्यायहरूका पंक्ति-
लाई ध्वस्त गराउँला
सुख–संतोषका छम् छम्
छहरा म बगाउँला
बाचा-बन्धन सम्पूर्ण
पूरा पार्दछु युद्धमा
भय मानेर शंकाले
बस्ने होइन मोहमा

डराएर बसे मेरी !
कलंक लाग्छ वंशमा
भासिने छ छिटै मेरी !
नराम्रो सँग भासमा
विजयोल्लासमा मस्त
मस्त बन्दै रमाउँला
नीलो गगनमा चन्द्र
तारा तुल्य उदाउँला

वीराङ्गने ! तिमीलाई
थाहा नै छ सबै कुरा
भूकम्पका कडा धक्का
खप्दछिन् ती वसुन्धरा
बनी कातरकी पत्नी
बस्नु हुन्न कुनै दिन
विधवा पनि मानिन्छन्
पूजनीया त्यसै छिन

जसको पतिले दिन्छ
ज्यान यो देश खातिर
चल्छ संसारमा नाम
रहुञ्जेल दिवाकर
अन्याय–विषका वृक्ष
ढाल्न विश्व छ तत्पर
शान्ति प्रेमी सबै आज
मर्नछन् मनु तत्पर

म माथि अभिभारा छ,
नेताको, अरू गर्विलो
म बनौं कसरी मेरी !
भयबाट म भड्किलो
मरेर अथवा मारी
शान्ति मिल्दछ युद्धमा
साथमा म पनि जाली
नभने अब युद्धमा

आवश्यक परे देवी !
बोलाइन्छ कुनै दिन
अहिले छैन वेला त्यो
सम्मान त्यसको लिन
तिम्रा छन् अरू नै काम
अरू धेरै यहाँ तिर
अबला मौन भै बस्ने
बेला प्रिय ! कहाँ छ र ?

गर घायलको सेवा
सुसार–घरमा बसी
मलाई प्रेरणा देऊ
देवी ! हृदयमा बसी
शक्ति सञ्चारको बेला,
अबेला किन गर्नु र ?
उत्साह भर आत्मामा
नव–शक्ति तिमी छर

यहाँ संकटका छाया
छाएका छन् जहाँ तहीं
भय मान्ने कहाँ बेला
परबाह गरूँ सही
जन-जीवनमा ज्योति
छर्न जान्छु लडाइँमा
उल्टा शकुन के काम
रुन्छन् आफै सपाइँमा"

गर्छिन् चुम्बन मायाले
पारी आँखा सरोवर
छातीमा दबिइन्छन् ती
वंदना, बाफ भै तर
हर्षका, शोकका आँसु
छरिन्छन् अङ्ग अङ्गमा
रौं रौं सम्म दरा हुन्छन्
रणका रस-रङ्गमा

"सपूत, संझिएँ-माया,
दयाको पात्र पूर्ण होस्
रमुँला मुटुमा तिम्रै
विजयी तर-वार होस्
आमाको, देशको भारा
रिन सारा चुकाउँन
म छेक्ने छैन मायाले
बाटो रुन्न रुवाउन

निशा— चरहरूलाई
चिरा फारा गरी गिड
जुन बाटो हिंडे हाम्रा
पुरूखा त्यसमा हिंड
भएँ अभय, आश्वस्त
माया विस्तृत पाउँदा
गरुँला विजयी नाथ !
वनी स्वागत आउँदा

जानु होस् नाथ ! संफेर
कबूल तोड्नु हुन्न त्यो
वीर पत्नी हुने भाग्य म
भेट्ने छैन भालको
वनेर विजयी फर्के
विजयोत्सव गाउँला
नाथ ! वीर गति पाए
स्वर्गङ्गामा रमाउँला

सम्झन्छन् स्वच्छ सेनानी
कर्तव्य अभिमन्यु ती
झल्कन्छन् छवि झैं स्वच्छ
सैन्यका माझमा उनी
उत्साह हरियो हुन्छ
सुनौला राग चढ्दछ
रिपुका सामुमा अर्कैं
भयको भाव बढ्दछ

सेना कौरवका भन्छन्
रानो राखेर माझमा
हल्लदां पात नै हुन्छ,
आए झैं बाघ साँझमा
मुटु फुल्छ त्यसै ढुक्क
रातमा भय विह्वल
डरले लक् पकाएका
लुक्छन् कौरवका दल

सामुमा पर्न सक्दैनन्
ज्योतिमा अभिमन्युको
सातो पुत्लो हराए झैं
देखिन्छ सब सैन्यको
पङ्क्ति टुट्दछ किल्लाको
सुरक्षा सैन्यको जब
हतोत्साहित ऊन् हुन्छन्
अहो ! जयरथी तब

बराह सिंहका सामु
मृगको हुन्छ जे गति
त्यस्तै भयो नृपतिको
युद्धमा भयले मति
त्यही औसर छोपेर
तोड्दछन् चक्रव्यूह त्यो
सूर्यको तेजमा कस्तो
अवस्था हुन्छ रातको

रातमा रवि फुल्के झैं
फुल्कदा अभिमन्यु ती
सारा होस हराएका
काप्छन् थर्थर द्रोण ती
द्रोणको त्यो अवस्थामा
अरूको के दशा भयो
युद्धले त्यस बेलामा
अकैं मार्ग दिशा लियो

"किन संग्राममा आयो
निर्धक्क सँग बालक
अहो ! पाण्डव सेनाको
बनेर प्रतिपालक
ङुर्र ङुर्र रिसाएको
सिंह झैं गर्छ घुर्घुर
हावामा पालुवा तुल्य
दिल गर्दछ थुर्थुर

मुख ओठ सुकाएर
रिङ्गदछन् सैन्य वेसरी
"सिद्धने सिद्धने हो कि
जीवनी तृण झैं मरी"
सिंह शावकको शक्ति
सिंहकै तुल्य हुन्छ रे !
गजलाई निमोठेर
रगतास्य लघाउँछ रे ! "

द्रोणको दिल धड्कन्छ
देखेर काँधको धनु
रोकिन्छ कण्ठमा शब्द
हुँदा के भनुँ के भनुँ
भन्दछन् युद्धमा आयौ
तर उत्साहिलो बनी
ओठमा दूधको धारा
बगेकै छ अझै पनि

छैन जीवनको माया
तिमीलाई हरे ! किन
बत्तीमा पुतली तुल्य
अब लाग्यौ कि होमिन
फरक्क फर्क हे बाबु !
संग्रामबाट बाहिर
सम्झी सम्झी रुदैं होलिन्
उत्तरा ती निरन्तर"

"रुँदाछन् उत्तरा जस्ता
अवला लाख लाखन
व्यथा विरहमा पोख्छन्
मोती झैं अश्रु पावन
सबका अश्रु धारा ती
पुछ्नलाई पुछाउन
मलाई भय लाग्दैन
रणमा पनि होमिन !

यहाँ छ सत्यको बत्ति
निभेको स्वार्थ बायुले
यहाँ छ श्रमको बालि
निलेको स्वार्थ भालुले
भालुका लुब्ध आँखामा
तीर औसर रोप्नु छ
लाखौं लाख़न बस्तीमा
बत्ती झल्मल बाल्नु छ

व्यथाको बोझले धर्ती
लत्रिएको छ यो तल
उचालेर निकै माथि
राख्नु, पार्नु छ निर्मल
गोरु झैं जोतिएका छौं
गुरु—केवल स्वार्थले
मलाई युद्धमा ल्यायो
निस्वार्थ र परार्थले

धारिला धार रुँ विज्छन्
दिमागी हतियारले
तिम्रो कलंक मेट्दैन
तिम्रो नै इतिहासले
भ्रान्ति बादल पन्छिन्न
कहिले सम्म धर्मको
गुन्दैनौं पीर चोखा भै
व्यथा सम्पूर्ण विश्वको

लोलो पोतो त्यसै घस्छौ
वीरको धाक लाउँदै
मोह–मंत्र फलाकेर
पर हट्छौ डराउँदै
गोलीको युद्धमा हुन्छ,
युद्धमा वेश उत्तर
आऊ हुति भए लड्न
स्वार्थान्धहरू पामर !"

खिचेर धनुको ताँदो
दिन्छन् बालक उत्तर
"किन पामर हे बोल्छौ
बन्न खोजेर सुघ्घर
हुन्छ केशरिको बच्चा
केशरी, श्याल हुन्न त्यो
गर्दछन् व्यर्थमा मूर्ख
वयको व्यर्थ ख्याल त्यो

भानुको तेज देखिन्न
के बिहान उदाउँदा ?
भय लाग्छ भने भाग
वेगले ए ! म आउँदा
जब पातहरू झर्छन्
नयाँ पात पलाउँछ
हार औ जीत जे हुन्छ
तरबार बताउँछ"

"संझिएको थिएँ मैले
पहिले मृग शावक
रहेछ बलियो ज्यादै
तर यो सिंह शावक
पर्न सम्मुखमा सम्म
जसको डर लाग्दछ"
यही नृपतिको भाव
मन भित्र जुराँउछ

अभिमन्यु तिमीलाई
मिलोस् विजयको गति
अझ सम्म, अझै पाको
देखिदैन अहो ! मति
धर्मको मार्गमा छोड्यो
मूर्छा परि जयद्रथ
अगाडि युद्धमा आफ्नो
बढायौ वीर हे ! रथ

परन्तु केसरी सर्प
खोज्छन्-घायल औसर
रीस-रुन् आत्तिदै लिन्छन्
घाती माथि बराबर
त्यस्तै शत्रुहरू हुन्छन्
मौका केवल कुर्दछन्
मित्रको भावना हुन्न
कठोर चोट पार्दछन्

"डर त्रास कुनै छैन
त्यसमा किन हो किन
करको शर बर्षाऊँ
तर मान्दैन यो मन
अधर्म जति लाग्नेछ
वाण वर्षा गराउँदा
खादैन तर त्यो मेरा
कुरा कानी सुनाउँदा"

सुनेर उनका शब्द
तयार दिन उत्तर
अभिमन्यु त्यहाँ हुन्छन्
धारणा पोख्न तत्पर
"गुरु ! ज्ञान कहाँबाट
उदायो युद्ध कालमा
भन्दछन् धर्म सम्फन्छ
मान्छेले अन्त कालमा

म आएँ रणमा राखी
जिन्दगी तरबारमा
प्रबुद्ध दिल जाँदैन
निरर्थ घरबारमा
संग्राम-स्थल नै लाग्छ
गुरु ! स्वर्ग समानको
स्यालले के लछार्नेछ ?
कालो-कालो मशानको

अझपि युद्ध यो गर्नु
राम्रो होइन ज्ञान छ
ज्ञान–विज्ञानका धारा
धराबाट हराउँछ
कति बालक बन्नेछन्
पिता माता विहीनका
पुछिन्छन् सिउँदा राता,
अबला पति हीनका

अपाङ्ग कति बन्नेछन्
कति अर्धमरा कति
विश्वकै प्रगति हुन्न
हुन्छ उल्टो अधोगति
लुटिन्छ कतिको लाज
भुटिन्छन् कति मानव
संसार धँसिदै जान्छ
नाशिन्छ सब वैभव

परन्तु तमको पर्दा
पन्छाउन हतारिएँ
हतियार तिखारेर
तेजिला करमा लिएँ
विश्व भातृत्वको लागि;
देशको निम्तिमा पनि
स्वतन्त्रता; नयाँ ज्योति
नल्याई हुन्न है भनी

गुरू ! जीवन संकुन्छु
सिन्धुको छाल तुल्य छ
आत्मा अमर यो हाम्रो
शास्वत सागर तुल्य छ
दया–माया उदाएको
भए–दूर स्वयं बनी
कालो मुख लुकाएर
जानोस् दानी स्वयँ बनी"

"दिलमा सर्वदा लाग्छ
गुरुको वध के गरूँ ?
तर यो युगको माग
नमानी म स्वयं मरूँ ?
दुराचारी हरूलाई
सहारा सर्वदा दिई
आउँदा बिसियौ धर्म,
के काम गुरु ? दिक्कई

पहिले पार्थको ज्यादै
हुनु हुन्थ्यो हितेच्छुक
ममा माया त्यसै हेतु
गुरु हो कि समुत्सुक
हितमा अडँलो सम्म
निल्नु भो एक लव्यको
के गुरू ? भेटिएला त्यो
टीका कालो कलंकको ?

निषादलाई के शिक्षा
दिऊ राखेर धारणा
ललकार्नु भयो पैले
गरी तीव्र प्रताडना
जात भात ठूला ठालु—
हरूका भातले रच्यौ
गुरु भेटी लिने वेला
अउँलो सम्म नै निल्यौ

छैन हे धर्मको कर्म
कठोर महिला भए
वुङ्ग वुङक्ति उड्छ दुर्गन्ध
डकार फुसिलो भए
लुटिए द्रौपदी जस्ता
अवला भुटिए कति
जलका वदला काला
असिना खनिए कति

अडच्याई टापले औंला
गगंटो सास फेर्दछ
आफ्नै सन्तानले अन्धा-
हरूको लाज लुट्दछ
फाल्छन् कृषकले सारा
हाडखोरहरू सब
मन्द मुस्कान ली फुल्ला
शयपत्री यहाँ जब

कर्णलाई कहाँ शिक्षा
तिमीले पहिले दियौ
स्वार्थ खातिरमा आई
अहिले काखमा लियौ
लियौ नृपतिको सारा
जितेर राज्य नै तक
गुनेनौ मित्रताको त्यो
पवित्र धारणा तक

उनै अर्जुनको आड
भरोषा पहिले थियो
जव त्यो वीरको छोरा
वीरको रूपमा थियो
जब जाने भए भिक्षा
माग्दै जंगल जंगल
दया, माया कहाँ तिम्रा
गए—वचन मङ्गल

सभा सन्मुख नारीको
समात्दा केश नै तक
निर्लज्जहरूले तान्दा
अङ्गका वस्त्र नै तक
हराएका थिए तिम्रा
दया नैतिकता कहाँ
दया दाता बनी बोल्न
लाग्दैन लाज के यहाँ

लुटेर लिइयो राज्य,
वन तर्फ पठाइयो
खोसेर अङ्गका वस्त्र-
हाका हाकी धपाइयो
त्यसबेला दया तिम्रो
हराएको थियो कहाँ
अहिले बोल्दछौ जान्ने
बनी पण्डित झैं यहाँ

जन्मदा जन्मदै मेरा
पिता जङ्गलमा गए
टुहुरो सरिको बन्दै
मावली घरमा गएँ
परेन आँसु आँखाको
आँखामा पहिले किन
बिर्सिएका थियौ आफ्नो
विद्वत्ता-मानका दिन

धनवान बन्यौ आफैं;
नेता मन्त्री स्वयं बन्यौ
बन्यौ पण्डित आफैं नै
आफैं कवि ठूला बन्यौ
बनेनौ त्यस वेलामा
दया देखाउने ममा
पन्यौ फसादमा ऐले
दया लाग्दछ युद्धमा

मान्छेले अरूको भाग
जब खोस्तछ अन्ध भै
डाह–ईर्ष्या गरी आफैं
पर्छ खाडल पंगु फैं
भोका अजिङ्गरहरू-
मान्छे खान्छन् सरासर
दुष्ट कौरवफैं हुन्छन्
मौन बस्ने बराबर

पापी शोषकका नारा
तुहिएर मरीसके
बाँचेका देखिएका छन्
हाड–छाला सुकी सके
आफ्ना भाव सबै खोल्दै,
सुन द्रोण सुनाउँला
छाती विशाल पारेर
वीर–भाव बचाउँला

उत्तराहरू जस्ताको
आँसु सारा सुकाउँला
शीतले ओइलाएका
फूललाई फुलाउँला
यथार्थ शब्दका फड्का
पर्दछन् जब कानमा
मौन भै द्रोण हट्छन् ती,
पछाडितिर युद्धमा

तर दुर्योधन कुँद्यो
सामुमा अभिमन्युको
दुःशासन दिने साथ
त्यसलाई छँदै थियो
मुठभेट भयो चाँडै,
घनघोर लडाइँ भो
भए घायल पाहाड,
अचम्म सित युद्ध भो

सेना सम्मुख जो पर्छ
वीर ती अभिमन्युको
बाटो खुल्दछ आफै नै
हारले यमपुरीको
भाग्छन् भटहरू सारा
अड्न सक्दैन क्वै पनि
सेनाको मनमा पर्छ
"भागूँ भागूँ कहाँ" भनी

"लाज–शर्म लियो सारा
एक्लो बालकले पनि
सामु अर्जुन आएमा
अरु कस्तो हुने छ नि
अब बालकको काम
तमाम गर हे गुरु !
सिंह झैं गर्जना गर्दै
हिड्छ निर्भय पो अरु

अवस्था बिग्रदै हाम्रो
गयो हैरान भै सक्यौं
कालका मुखमा हामी
सब हेर परी सक्यौं
चिल्लि बिल्लि बनाएर
सेनालाई लघार्दछ
अब वज्र कडा हाम्रै
शिर माथि बजार्दछ"

निःसंदेह थियो त्यस्तै
अवस्था अभिमन्युको
सुस्त सुस्त हराए झैं
हरायो– रिपु रातको
देखेर रविको रश्मि
झन्न रात डराउँछ
सिंहले गर्जना गर्दै
लाखौं मिर्ग धपाउँछ

धन्य धन्य अभिमन्यु
तिम्रो तागत, शक्तिको
भिडियौ एउटै हाय
साथमा सात, सातको
उमङ्ग धन्य उत्साह
तिम्रो बल पराक्रम
देखिदैन कुनै त्यस्तो
वीर बालकमा कम

तर घायल दुष्टात्मा
भासमा पार्न खोज्दछन्
अरु कूट नीति तुच्छ,
झन् तुच्छ रचन खोज्दछन्
"अभिमन्यु तिमीलाई
म राख्छु अब काखमा
रीसरागहरू छैनन्
ईर्ष्या शेषहरू ममा

आकांक्षा मनमा उठ्छ
अब मेल मिलापको
वैरभाव हटाएर
भावना राख्छु बन्धुको"
घट्टमा घाम लागे झैं
देखियो दिल उज्ज्वल
निभे हिंसकका आँखा
क्रोधका कि त प्रोज्ज्वल

रसायो वीरको आत्मा
ममताबाट दुष्टको
राखे भूतलमा आफ्नो
शस्त्रास्त्र सब काँधको
निस्कियो दूधको धारा
तुल्य शब्दहरू सब
जान्छन् भर्न भनी काख
काकाको शिशु ऊँ तब

बकुल्ला भक्त ऊँ दुष्ट
दुर्योधन लिंदै मन
अभिमन्यु प्रति माया
ममता राख्दथ्यो किन
सब सेना, रथीलाई
दियो आदेश सत्वर
"क्वारक्वार्ति भन के हेर्छौ
छोड्दैनौ किन औसर?"

भासमा भासिएका गौं-
समान अभिमन्यु छन्
हतियारहरू आफ्ना
निशंक तर खोज्दछन्
पाउँदैनन् उनी आफ्नो
हतियारहरू त्यहाँ
छोडेर करको अस्त्र
अहिले मिल्दथ्यो कहाँ

मिर्गमा ममता माया
बाघको दिलमा कहाँ
दाह्रा ङुरङुरिई घस्छन्
कलिला मुटुमा जहाँ
लोभ्याउँछ अझै दुष्ट
दुर्योधन निको बनी
मुखमा राम राखेर
विष तुल्य घडा बनी

"इच्छा के दिलमा लिन्छौं
धन, जीवन, राज्य कि
नपाइने कुरा छैन
सुख ऐश्वर्य मान कि
छिटै भन छ जे इच्छा,
अभिमन्यु ममा सब
पार्दछौं किन ती आँखा
लाल लाल कडा अब"

काँढाका झाङमा फुल्ने
फूल तुल्य बने उनी
दोसाँधमा पुग्यो हाय !
उनको स्वच्छ जीवनी
जुनेली रातका तारा
मेघले छोपिए सरि
रूख ढल्दा ढले जस्तै
देखिए लहरा सरि

परन्तु आँत सुक्दैन
चोरको कष्टमा पनि
शशीको कान्ति आस्तिन्न
वर्षाको मेघमा पनि
थन्दैनन् ह्यसले वीर
हतास भय विह्वल
बलियो वीरको धैर्य
लत्रिन्न कहिले तल

"दिन्छौ भने सबै मेरा
धारिला तरबार द्यौ
युद्ध सम्मुख डाकेर
मलाई अब लड्न द्यौ
पर्वाह प्राणको छैन
मलाई धन, राज्य के
सताउलान् र रोएर
म भाग्नैं सुख मान के !

हतियारहरू पाए
सब सामर्थ्य हेरूलाँ
तिम्रा शक्ति र सामर्थ्य
त्यसमा नै म दाजुँला
इच्छा छ मनमा थौटै
लिने त्यो बीरको गति
बल्ल चाल मिल्यो तिम्रो
कालो कर्तुतको मति"

निशस्त्र अभिमन्युको
तेज झन् झन् उज्यालियो
स्वदेश भक्तिको बाढ
दिल भित्र प्रकाशियो
मुट्ठि उज्याउँदै जान्छन्
माथमा सात शैलका
ढिस्का ढिस्कीहरू ढल्छन्
बज्र जस्ता पहाडका

तर के लाग्दथ्यो जोड
शैलका सामु मुट्ठिको
कलिलो लहरा जस्तै
दशा भो अभिमन्युको
त्यस औसरमा गर्छन्
प्रहार शैल सात ती
सम्झन्छन् वीरता आफ्नो
दुष्टयाइँ बिर्सिई रथी

अतिचार अनाचार
भयो धेरै उदेकको
कलंक मेटिएला के
रथी तिम्रा कुकर्मको
सुकिलो धरणीमा यो
रेखा कलुष कोरिए
उज्याला चन्द्रमा जस्ता
अभिमन्यु विदा भए

सुनेर सब संदेश
सब छन् शोक सिन्धुमा
देखिन्छ दुःखको कष्ट
अश्रुका विन्दु विन्दुमा
खोल्छन् विरह सम्पूर्ण
सुभद्रासँग अर्जुन
पुत्रको शोकले गर्दा
थामिन्छ कसको मन

"म थिएँ दूर हे वत्स !
अन्यथा दुष्ट मर्दथे
पार्थको सामुमा आई
शत्रु को टिक्न सक्दथे ?
तर यो भाग्यले हीन
ठगिएको म नै थिएँ
संसप्तकहरू साथ
लड्नलाई त्यहाँ गएँ

जवाना छैन धर्तीमा
मधुरो छैन जीवन
छहरा सुखको छैन
छाया त्यो छवि कंचन
हरिया लहरा पान्यो
स्वार्थले सब सोत्तर
विना वृक्ष कहाँ अड्छ
लहरा यो मनोहर

अवलाको अवस्था के
हुन्छ एक्लो भएपछि
रहँला कसरी तिम्रो
छाया फैं रविका पछि
नरहें अहिले तिम्रो
साथमा अघि नै थिएँ
आऊँ म पछि लागेर
अहिले गर्भिणी भएँ

ढलिन् बिरहकी मूर्ति
भूइँमा हेर उत्तरा
भइन् अधमरा धर्ती
भरियो आँसुले धरा
कहाँ तारा हरायो हे
उज्यालो ज्योति जीवन
तममा मुछियो सारा
संक्र संसार पावन

रून्छिन् ती उत्तरा मूर्छा
पर्छिन् उच्छ्वास छर्दछिन्
लुछेर केश ती सारा
आफ्नै रोदन गर्दछिन्
भन्दछिन् "छवि त्यो मेरो
हरायो अन्धकारमा
चंकियो विजुली जस्तै
वर्षाको घन रातमा

तिम्रो विजय होस् नाथ !
अथवा होस् पराजय
युद्धबाट भयो धेरै
ज्ञान - विज्ञानको क्षय
न्याय – नीति डुबे सारा,
अस्तिए अन्धकारमा
सिउँदो भरिने छैन
रातो भै अब केशमा

लाग्यो धर्ती यहाँ प्यारा,
नर्क भन्दा पनि कडा
जहाँ भोग र आनन्द–
हरूका रित्तिए घडा
अब शेष छ हे यात्री
धरामा रोग-शोकको
हाहाकार, लथालिङ्ग
चटचाङ पर्छ मेघको”

सुखमा दुनियाँ हुन्छ
दुःखमा हुन्न क्वै पनि
प्रकृति सम्म नै रून्छिन्
अभागी सरिकी बनी
प्रेम उद्यानका माली
डालीबाट अलग्गिए
आशाका फूलमा उल्टा
त्रिशूलहरू रोपिए

भन्दछिन् उत्तरा फेरि
"फरक्क घरमा फिर
पिताका सामुमा हुन्न
संसार सम्झ दुस्तर
आउन्नौ ? चन्द्रमा जस्तै
औंसीका मध्य रातमा
कुछौं कि कि त कुदँनौ
मेरो मार्ग हँ स्वर्गमा

कुर्दछन् उत्तराको नै
मार्ग विश्वास पूर्ण छ
मेरो हृदयमा तिम्रै
रक्त संचार गर्दछ"

श्रद्धा विश्वासको मेल
अथवा स्थिति रीतिको
छ यो हृदयमा मेल
विशाल पुण्य प्रीतिको
उब्जन्छ मनमा भाव
"क्षमा दान मिलोस् भनी
तिम्रो हृदयको रक्त
राखुँला बिधवा बनी"

गऱ्यौ आदर आमाकौ
मायाको रायको पनि
सपूत देशभक्तिको
चम्कायौ नमूना पनि
यति नै हैन त्यो तिम्रो
यात्राको अवशेष छ
तिम्रै हृदयको भाषा
कवि यो अब कोर्दछ

"पुछियो सिउँदो तिम्रो
देवी ! पिर नमान है
तिम्रै हृदयमा मैले
आत्मा रोपी रहेछु है
चारू लोचनका आँसु
आगो बन्ला कुनै दिन
होला मिलनको बेला
प्रीतिको त्यस नै छिन

नकार रिपुका सामु
आँसु रोई कुनै दिन
नहास हर्ष मानेर
गर गुन् गुन गन् गन
गीत रून्छ तथा हाँस्छ
रुँदा हाँस्दा तिमी सुन
जस्तो छ मन यो मेरो
त्यस्तै तिम्रो छ त्यो मन

शान्तिको प्राप्तिमा मेरी !
गरी विश्वास मारिएँ
अथवा ती मरे वैरी
तीनबाट म बाँचिएँ"
भावनाले लिदैं लिन्न
विश्वास अभिमन्युको
अरु फन् गर्छ आह्वान
भावना नव क्रान्तिको

"धारा रुधिरका मेरा,
पसिना पसिना तक
क्रान्तिका बीच बन्नेछन्
दुष्ट जाली बचे तक
लिएर आँधिको रुप
नौला बालक जन्मलान्
रविले त मलाई झै
दुष्टलाई धपाउलान्

आउने छ छिट्टै आँधि
पानी मूसल धारको
क्रान्तिको हुरि नै चल्ला
सातो उड्ला पहाडको
निशस्त्र शिशुको सम्म
जब खोसिन्छ जीवन
कानमा तेल हालेर
रहन्छ विश्वमा कुन

म मरूँ तर मेरा यी
मर्दैनन् भावना लता
भावना नित्य बन्नेछन्
तरवार समानका
लिदैनन् भावना मेरा
दान जीवनको कुनै
धनु–वाण तिखा बन्छन्
भावनाबाट नै यिनै"

कलंक कुलमा तिम्रै
लाग्यो सप्त रथीहरू
सुन्दैनौ कान खोलेर
हेर्दछौ के कुरा अरू
धिक्कार भूमिका भार
भाग्य संफेर हाँस्दछौ
विश्वकै प्रगतिलाई
स्वार्थका निम्ति रोक्दछौ

साक्षी छन् पृथिवी माता
तारा, चन्द्र, दिवाकर
निभाएँ पूर्ण कर्तव्य
गयो जीवन नश्वर
मरेको छैन आत्मा त्यो
उज्यालो ज्योति फैं भयो
स्वार्थमा प्राण त्यो हैन
विश्व - खातिरमा गयो

"माता पिता तिमीलाई
कोटी कोटी छ वन्दना
जय देश ! तिमीलाई
कोटी कोटी छ वन्दना
प्रिय धर्ती तिमीलाई
वारंवार छ संफना
प्रिय पत्नी तिमीलाई
वारंवार छ संफना,

"उत्तरा हे ! धरा तर्फ
हेर आवाज आउँछ
भावना त्यसको तिम्रै
गर्भ भित्र उदाउँछ
वीर पत्नी बन्यौ धन्य
सिन्दुर पुछिए पनि
वीर माता तिमी चाडैं
बन्नेछ्यौ भाग्यमानी नी

धर्तीमा हेर वग्दैछ
भावना अभिमन्युको
सुनिन्छ त्यसकै सोर
तेजिलो तरवारको
उनकै भावना दिव्य
राता छन् पात–पातमा
प्रवेश दिलमा गर्छ
भावना सास सासमा

त्यसको सन्ततिलाई
समान जो छ गर्भमा
भक्तिको पुञ्ज नै हुन्छ
बीरका अंश अंशमा
त्यसकै भावनाबाट
देवी ! दड्दछु आज म
यमदूत हरूलाई
धुत्कार गर्छु गर्छु म
कलिको कालिमालाई
ललकारेर आउँला
भावना पुञ्ज बालेर
तमलाई लघारूँला
देवी ! शक्ति ममा देऊ
लाग्न कर्तव्य कर्ममा"
उठ्छन् अर्जुन पोखेर
वात्सल्य पूर्ण भावना

—: इति :—